पाठ ६७

१. गेतशमनी बगैंचामा येशूले प्रार्थना गर्न शुरू गर्नुभयो किनभने उहाँ गहिरो शोकमा हुनुहुन्थ्यो, येशू किन गहिरो शोकमा हुनुहुन्थ्यो ?
- किनभने येशूलाई उहाँको सामुन्ने आउनलागिरहेको सतावट अहिलेसम्म अरू कसैले भोगेको सतावट भन्दा धेरै कठिन छ भन्ने थाहा थियो ।

२.तरबार र हातहतियारहित आएका मानिसहरूको भीडलाई कसले अगुवाइ गरिरहेको थियो ?
- यहूदाले ।

३. येशूलाई पक्राउ गर्न यहूदालाई कसले उक्साइरहेको थियो ।
- शैतानले ।

४. शैतानले आज कसलाई अगुवाइ गरिरहेको छ ।
- ती सबै मानिसहरू जसले परमेश्वरको विरुद्धमा पाप गरिरहेको छैन भनी विश्वास गर्छन् ती सबैलाई शैतानले अगुवाइ गरिरहेको छ ।

५. येशूका सबै चेलाहरू किन भागे ?
- चेलाहरू डराएका थिए र येशू के कारणले पक्राउ पर्नुभएको हो भनी बुझेका थिएनन् ।

६. चेलाहरूले नबुझेको कुरा के थियो ?
- चेलाहरूले नबुझेको कुरा के थियो भने यदि येशू पक्राउ पर्नुहुन्छ र मारिनुहुन्छ भने उहाँ कसरी उद्धारकर्ता हुनुहन्छ ।

७. येशूलाई पक्राउ गर्ने मानिसहरूले उहाँलाई कहाँ लिएर गए ?
- येशूलाई पक्राउ गर्ने मानिसहरूले उहाँलाई प्रधान पूजारीकहाँ लिएर गए ।

८. यहूदी अगुवाहरू किन येशूमा केही पनि दोष भेट्टाउन सकिरहेका थिएनन् ?
- किनभने येशूले कुनै खराबी गर्नुभएकै थिएन ।
- किनभने येशूले पाप गर्नुभएको थिएन ।

९. त्यसपछि जब प्रधान पूजारीले येशूसँग कुरा गरे र के उहाँ ख्रीष्ट, परमेश्वरका पुत्र हुनुहुन्छ भनी सोधे तब येशूले के जवाफ दिनुभयो ?

- येशूले हो म हुँ भनी जवाफ दिनुभयो, येशूले यो पनि भन्नुभयो कि तिमीहरूले मानिसको पुत्रलाई परमेश्वरको दाहिनेपट्टि बसिरहेको र बादलको स्वर्गमा आइरहेको देख्नेछौ ।

१०. किन प्रधान पूजारीले येशू मारिनै पर्छ भन्यो ?
- प्रधान् पूजारीले भन्यो कि येशूले परमेश्वरलाई सराप्नु भएको छ ।

११.के येशूले परमेश्वरलाई सराप्नु भएको हो ?
- होइन् ।

- जब प्रधान पूजारि र यहूदी अगुवाहरूले येशूलाई मार्ने भनी निन्दा गरेपछि तिनीहरूले उहाँलाई पिलातस कहाँ पुर्‍याए ।

आउनुस् मर्कूस १५:१ पद पढौं ।

एका विहानै मुख्य पूजाहारीहरू यहूदी बुढा प्रधानहरू शास्त्रीहरू र सबै यहूदी महासभाले योजना बनाए। तिनीहरूले येशूलाई साङ्गलोले बाँधे अनि पिलातस कहाँ पुर्याए। तिनीहरूले येशूलाई पिलातसकहाँ सुम्पिदिए ।

- पिलातस को थियो ?
- पिलातस रोमी सम्राटले नियुक्त गरेको यहूदाको मुख्य प्रशासक थियो ।

- येशूलाई मार्नको लागि यहूदीहरूले पिलातसबाट अनुमति लिनुपर्थ्यो ।

- जब येशू पिलातसको सामुन्ने ल्याइनुभयो तब उसले येशूलाई यो प्रश्न सोध्यो ।

आउनुस् मर्कूस १५:२ पद पढौं ।

पिलातसले येशूलाई सोधे, "के तिमी नै यहूदीहरूको राजा हौ?" येशूले भन्नुभयो, "हो, त्यो सत्य हो।"

- येशूले किन उहाँ यहूदीहरूका राजा हुनहुन्थ्यो भन्नुभयो ?

- किनभने येशू राजा दाऊदका दरसन्तान हुनुहुन्थ्यो ।

आउनुस् मर्कूस १५:३-६ पद पढौं ।

3 मुख्य पूजाहारीहरूले उनी विरुद्ध अनेकौं अभियोग लगाएका थिए। 4 यसर्थ पिलातसले उनलाई फेरि एक प्रश्न गरे, "के तिमी जवाफ दिन चाहँदैनौ? हेर तिमीमाथि कतिवटा अभियोगहरू लगाएका छन्?"

[5]तर येशूले उत्तर दिनु भएन। यसर्थ पिलातुस एकदमै छक्क परे। [6]प्रत्येक वर्ष निस्तार चाडको समयमा कैदमा परेका एकजनालाई हाकीमद्वारा जेलबाट मुक्त गरिन्थ्यो। मानिसहरूले चाहेका कुनै पनि कैदीलाई उसले मुक्त गरिदिन्छ।

- यद्यपि मानिसहरूले येशूलाई झूठो आरोप लगाएका थिए तर पनि येशू चुप हुनुहुन्थ्यो र उत्तर दिनुभएन ।

- परमेश्वरले अगमवक्ताहरूमार्फत धेरै वर्ष पहिले भन्नुभएजस्तै उहाँ आफूमाथि गलत आरोप लगाइँदा पनि येशू चुप लाग्नुभयो ।

- निस्तार चाडका क्रममा पिलातसले येहूदीहरूका निम्ति एकजना कैदीलाई छुटकारा दिने चलन थियो ।

- त्यसकारण पिलातसले के त्यसले येशूलाई छुटकारा दिन सक्छ कि भनी यहूदी अगुवाहरूलाई सोध्यो ।

आउनुस् मर्कूस १५:६-११ पद पढौं ।

[6]प्रत्येक वर्ष निस्तार चाडको समयमा कैदमा परेका एकजनालाई हाकीमद्वारा जेलबाट मुक्त गरिन्थ्यो।
मानिसहरूले चाहेका कुनै पनि कैदीलाई उसले मुक्त गरिदिन्छ। [7]त्यसबेला बारब्बा नाउँ गरेका एकजना
विद्रोही पिलातुसको कैदमा थियो। त्यसले दंङ्गामा एउटाको हत्या गरेको थियो। [8]मानिसहरू कहाँ आए
अनि उहाँले सधैँ गरे झैं एकजना कैदीलाई मुक्त गरिदिनु भनी आग्रह गरे। [9]पिलातसले मानिसहरूलाई
भने, "के तिमीहरूले यहूदीको राजालाई मैले छोडिदिएको चाहन्छौ?" [10]पिलातसले यसो भने किनभने मुख्य
पूजाहारूहरूले येशूलाई उनीकाहाँ सुम्पिदिएको ईर्ष्याको कारणले हो भनी जान्दथे। [11]तर मुख्य पूजाहारीहरूले
मानिसहरूलाई येशूको सट्टामा बारब्बाको मुक्तिको माँग गर्नु भनी उक्साए।

- पिलातसलाई येशूले केही गल्ती गर्नुभएको छैन भन्ने थाहा थियो ।

- येशूसँग डाहले भरिएर यहूदी अगुवाहरूले उहाँलाई पक्राउ गरेका हुन् भन्ने पिलातसलाई थाहा थियो ।

- त्यसकारण पिलातसले येहूदीहरूले येशूलाई छुटकारा दिन भन्छन् कि भनी आशा राखेका थिए ।

- तर प्रधान पूजारीले येशूको सट्टा बारनाबास नाउँ गरेका एकजना हत्यारालाई छोडदिन भनी भीडलाइ उक्सायो ।

- त्यसपछि पिलातसले यहूदीहरूलाई एउटा प्रश्न सोधे ।

आउनुस् मर्कूस १५:१२-१४ पद पढौं ।

[12] पिलातसले मानिसहरूलाई फेरि एकपल्ट सोधे, "तब यो मानिसलाई के गर्नुपर्ने जसलाई तिमीहरू यहूदीरूका राजा भन्दछौ?" [13] मानिसहरू फेरि चिच्याए, "उसलाई क्रुसमा टाँग्नुहोस्।" [14] पिलातसले तिनीहरूलाई भने, "किन उसले के त्यस्तो अपराध गरेको छ?" तर मानिसहरू झन् जोर-जोरसँग कराउन लागे, "उसलाई क्रुसमा टाँग्नुहोस्!"

- यद्यपि येशूले केही गल्ती गर्नुभएको थिएन तर भीडले येशूलाई घृणा गऱ्यो र उहाँलाई मार्न चाह्यो ।

- परमेश्वरले अगमवक्ताहरूमार्फत धेरै वर्ष पहिले भन्नुभएजस्तै उद्धारकर्ता बिनाकारण घृणा गरिनेवाला हुनुहुन्थ्यो ।

- भीडले येशूलाई क्रूसमा झून्ड्याउन चाह्यो ।

- क्रूसमा झून्ड्याउने भनेको के हो ?

- क्रूसमा झून्ड्याउने भनेको कसैलाई क्रूसमा हात र खुट्टामा किला ठोकेर नमरून्जेल त्यही झुन्ड्याउने दण्ड हो ।

- रोमी शासकहरूले एकदमै क्रूर अपराधीहरूलाई दिने सबैभन्दा क्रूर दण्ड क्रूसको दण्ड हो ।

- त्यसपछि पिलातसले येशूलाई कोर्रा लगाउने आदेश दिए ।

मर्कूस १५:१५ पद पढौं ।

[15] पिलातसले मानिसहरूलाई खुशी तुल्याउन चाहन्थे, यसर्थ उनले बारब्बालाई तिनीहरूको निम्ति छोडिदिए। अनि पिलातसले सिपाहीहरूलाई येशूलाई कोर्रा लगाउने हुकूम दिए। तब पिलातसले येशूलाइ क्रूसमा टाँग्नका निम्ति सिपाहीहरूको हातमा जिम्मा दिए।

- जब रोमीहरू कसैलाई कोर्रा लगाउँथे त्यस कोर्रामा काँडैकाँडा भएको धातु पनि लगाएका हुन्थे ।

- जब रोमीहरूले कसैलाई कोर्रा लगाउँथे तब कोर्रा खाने मानिसहरूमध्ये कोही कोही त मर्थे ।

- येशूलाई कोर्रा लगाएपछि सिपाहीहरूले उहाँको मजाक उडाए ।

आउनुस् मर्कूस १५:१६-२० पद पढौं ।

[16] पिलातसका सिपाहीहरूले येशूलाई महल भित्र (जसलाई प्रेटोरियम भनिन्छ) ल्याए। तिनीहरूले सबै रक्षकहरूलाई एकत्रित गरे। [17] सिपाहीहरूले येशूलाई बैजनी रंगको लुगा लगाईदिए। अनि तिनीहरूले उहाँलाई लगाईदिनका निम्ति काँढाको मुकुट बनाए। [18] त्यसपछि तिनीहरूले येशूलाई भने, “यहूदीहरूका राजा हामी तपाईंलाई सलाम गर्छौं!” [19] तिनीहरूले उहाँलाई शिरमा कैयौं पटक लट्ठीले हिर्काए। तिनीहरूले उहाँमाथि थुके, अनि घुँडा टेकेर उनलाई दण्डवत् गरे। [20] उहाँमाथि गिल्ला गरिसकेपछि तिनीहरूले उहाँको बैजनी लुगाफाटा उतारिदिए, अनि उहाँको आफ्नै लुगाफाटा लगाइदिए। तब तिनीहरूले येशूलाई क्रूसमा झुण्डयाउनलाई बाहिर ल्याए।

- सिपाहीहरूले येशूलाई पिटे र थुके ।

- परमेश्वरले धैरै वर्ष पहिले अगमवक्ताहरूमार्फत भन्नुभएजस्तै उद्धारकर्ता पिटिनुहुने र थुकिनु हुनेवाला थियो ।

- किनभने प्रजाहरूले तिनीहरूका राजालाई घुँडा टेकेर अभिवादन गर्थ त्यसैगरी येशूलाई अभिवादन गरेर सिपाहीहरूले उहाँको मजाक उडाए ।

- किनभने राजाहरूले वैजानी वस्त्र पहिरिन्थे त्यसैले सिपाहीहरूले येशूलाई वैजनी वस्त्र पहिराइदिएर उहाँको मजाक उडाए ।

- किनभने राजाहरूले तिनीहरूको शिरमा श्रीपेच पनि पहिरिन्थे त्यसैले सिपाहीहरूले उहाँको शीरमा काँडाको मुकुट लगाइदिएर उहाँको मजाक उडाए ।

- परमेश्वरले वर्षौं पहिले अगमवक्ताहरूमार्फत भन्नुभएजस्तै उद्धारकर्ताको मजाक बनिनेवाला थियो ।

- काँडाको मुकुट के को प्रतीक हो ?

- काँडाको मुकुटले परमेश्वरको श्राप जनाउँथ्यो ।

- जब आदम र हव्वाले पाप गरे परमेश्वरले धर्तिलाई श्राप दिनुभयो र काँडा उम्रिऊन् भनी आज्ञा दिनुभयो ।

- जब सिपाहीहरूले येशूको टाउको माथि काँडे श्रीपेच पहिराइदिए त्यसले केको चिन्ह दियो ?

- यही कि येशूले परमेश्वरको श्राप बोक्नुभयो ।

आउनुस् मर्कूस १५:२१-२२ पद पढौं ।

[21] कुरेनीका एकजना मानिस शहरतिर जाँदै थिए। उनी आलेक्जेण्डर र रूफसको बाबु शिमोन थिए। शिमोन आफ्नो खेतबाट फर्किरहेथ्यो। सिपाहीहरूले शिमोनलाई येशूको क्रूस बोक्न जबरजस्ती गरे। [22] तिनीहरूले येशूलाई गलगथा भन्ने ठाउँमा पुर्याए। गलगथाको अर्थ हुन्छः)“खोपडीको स्थान”)

- त्यसपछि सिपाहीहरूले येशूलाई जेरूशलेम शहर बाहिरको गोलगथा नाउँ गरेको डाँडामा झून्ड्याउनको लागि लिएर गए ।

- डाँडामा सिपाहीहरूले क्रूस बनाए र येशूलाई क्रूसमा राखे ।

- त्यसपछि सिपाहीहरूले येशूका हातमा क्रूसको माथितिर किला ठोके र तलतिर खुट्टामा किला ठोके ।

- धेरै वर्ष पहिले परमेश्वरले अगमवक्ताहरूमार्फत भन्नुभएजस्तै उद्धारकर्ताका हात र खुट्टामा किला ठोकिनेवाला थियो ।

- सिपाहीहरूले त्यो काम सकिसकेपछि तिनीहरूले क्रूस ठड्याए र येशूलाई घोप्टो होइन तर ठाडो नै पारेर क्रूसमा टाँगे ।

- के तपाईंलाई येशूले निकोदेमसलाई भन्नुभएको कुरा याद छ ?

- येशूले यही भन्नुभयो कि जसरी मोसाले काँसाको सर्प बनाएर खाँबोमा ठड्याएपछि मानिसहरू बाँचेका थिए त्यसरी नै येशू पनि क्रूसमा ठड्याइनुभयो ताकि मानिसहरू बाँचून् ।

आउनुस् मर्कूस १५:२३-२४ पद पढौं ।

[23] गलगथामा सिपाहीहरूले येशूलाई दाखरस पिउन वाध्य गरे। यो दाखरस मूर्र मिसाइएको थियो। तर येशूले पिउनु भएन। [24] तिनीहरूले उहाँलाई क्रूसमा काँटी ठोकेर टाँगि दिए। तब तिनीहरूले येशूका वस्त्रहरू भाग पारे तिनीहरू मध्ये कसले के पाउने हो भनी चिट्ठा गरे।

- केही आइमाइहरूले येशूलाई मूर्र मिसिएको रक्सी पिउन दिए तर येशूले अस्वीकार गर्नुभयो ।

- येशूलाई क्रूसमा टाँग्ने सिपाहीहरूले उहाँको लुगा कसले पाउने भनेर चिट्ठा हाले ।

- परमेश्वरले अगमवक्ताहरूमार्फत धैरै वर्ष पहिले भन्नुभएजस्तै तिनीहरूले येशूको लुगा बाँडफाँट गर्न चिट्ठा हाल्ने थिए ।

आउनुस् मर्कूस १५:२५-२७ पद पढौं ।

[25] तिनीहरूले येशूलाई क्रूसमा टाँग्दा बिहानी पखको नौ बजेको थियो। [26] येशूको विरूद्धमा लगाइएको आरोपहरूको लिखित सुचना क्रूसमा थियो। सुचना पत्रमा भनिएको थियोः "यहूदीहरूका राजा।" [27] तिनीहरूले दुइजना डाँकूहरूलाई पनि क्रूसमा टाँगेका थिए। तिनीहरू एकजना येशूको दाहिनेपट्टी र अर्को देब्रेपट्टि थिए।

- येशूसँगै अरू दुईजना मानिसहरू पनि क्रूसमा टाँगिएका थिए, एकजना उहाँको दायाँ र एकजना उहाँको बायाँ ।

- तिनीहरू दुष्ट मानिसहरू थिए ।

- परमेश्वरले अगमवक्ताहरूमार्फत धैरै वर्ष पहिले भन्नुभएजस्तै उद्धारकर्ता दुष्ट मानिसहरूसँग मर्नेवाला हुनुहुन्थ्यो ।

आउनुस् मर्कूस १५:२९-३२ पद पढौं ।

ओहोर-दोहोर गर्ने मानसहरू येशूलाई खिशी गर्थे। तिनीहरू टाउको हल्लाउँदै भन्दथे, "तपाई त्यही मानिस होइनौ जसले मन्दिर भत्काएर तीन दिन भित्रै बनाईदिन्छु भन्ने? [30] अब क्रूसबाट तल ओर्लनुहोस् अनि आफैंलाई बचाउनु होस्।" [31] यस्तै प्रकारले मुख्य पूजाहारीहरू र शास्त्रीहरूले येशूलाई गिज्याए। तिनीहरू एक अर्कामा भनिरहेका थिए, "उसले अरू मानिसहरूलाई बचायो। तर आफैंलाई बचाउँन सकेन। [32] यदि ऊ ख्रीष्ट, इस्राएलको राजा हो भने, ऊ क्रूसबाट तल झरेर आओस् जसद्वारा हामी यसलाई देख्न सकौं अनि उसमा विश्वास गरौं।" ती जसलाई उहाँसँगै क्रुसमा झुण्ड्याईयो तिनीहरूले पनि उहाँको निन्दा गरे।

- येशूले यदि हिब्रूहरूले परमेश्वरको मन्दिर भत्काए भने उहाँले त्यस मन्दिरलाई तीन दिनमा खडा गर्नुहुनेछ भनी भन्नुभएको थियो ।

- के येशूले हिब्रूहरूले जेरुशलेम शहरमा बनाएको ढुङ्गाको मन्दिरको बारेमा कुरा गरिरहनुभएको थियो ?
- थिएन ।

- येशूले कुन मन्दिरको कुरा गरिरहनुभएको थियो त ?

- येशूले उहाँको शरीरको बारेमा कुरा गरिरहनुभएको थियो ।

- येशूले यही भन्नुभएको थियो कि यदि हिब्रूहरूले येशूलाई क्रूसमा टाँगेर उहाँको शरीर विनाश गरे तापनि उहाँ तेस्रो दिनमा बौरी उठ्नुहुनेछ ।

आउनुस् मर्कूस १५:३३ पद पढौं ।

33 मध्यान्हको बेला सारा देशमा अन्धकार भयो। अन्धाकार तीनबजे सम्म लगातार रहयो।

- किन त्यहाँ चारैतिर तीन घण्टासम्म अन्धकार भयो ।

- तीन घण्टाको अँध्यारो एक चिन्ह हो ।

- सारा देशमा फैलिएको तीन घण्टाको अँध्यारो के कुराको चिन्ह थियो ?

- पिता परमेश्वरले येशूलाई क्रूमा उहाँको प्राण खिँच्नुहुँदैथियो ।

आउनुस् मर्कूस १५:३४ पद पढौं ।

34 ठीक तीनबजे येशू ठूलो स्वरमा चिच्याउनु भयो, *"एलोई, एलोई, लामा सबखथनी!"* यसको अर्थ हो, "हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईले मलाई किन एक्लै छोडनुभयो ?"

- जब पिता परमेश्वरले क्रूसमा येशूको प्राण खिँच्नुभयो तब येशू कराउनुभयो ।

- पिता परमेश्वरले किन येशूको प्राण खिँच्नुभयो ?

- के येशूले कहिल्यै कुनै चिज गलत गर्नुभयो ?
- भएन ।

- त्यसभए पिता परमेश्वरले किन येशूको प्राण खिँच्नुभयो त ?

- पिता परमेश्वरले येशूलाई तपाईंको, मेरो र सबै मानिसहरूको पापको खातिर सजाय दिँदै हुनुहुन्थ्यो ।

- किनभने पिता परमेश्वरले येशूलाई हाम्रो पापको खातिर सजाय दिँदै हुनुहुन्थ्यो त्यसैले उहाँले क्रूसमा येशूको प्राण खिँच्नुभयो ।

- अदनको बगैंचामा परमेश्वरले आदम र हव्वालाई यदि तिनीहरूले परमेश्वरले नखानू भन्नुभएको रूखको फल खाए भने के हुने छ भनी चेतावनी दिनुभएको थियो ?

- तिनीहरू मर्नेछन् ।

- किनभने आदम र हव्वाले पाप गरे त्यसैले तिनीहरू परमेश्वरबाट अलग्ग भएर मरे ।

- अहिले अब येशू पिता परमेश्वरबाट अलग्ग हुनुभएको थियो ।

आउनुस् मर्कूस १५:३५-३६ पद पढौं ।

35 त्यहाँ उभिरहेका केही मानिसहरूले यो सुने। तिनीहरूले भने, "सुन! उहाँले एलियालाई बोलाइरहनु भएको
छ।" 36 तुरून्तै एकजना मानिस दगुरेर गयो अनि एउटा स्पन्ज लिएर आयो। त्यस मानिसले स्पन्जमा
सिर्का भर्यो अनि एउटा लट्ठीमा लगाएर उसेल येशूलाई पिउन दियो। त्यस मानिसले भन्यो, "अब हामी
पर्खौं अनि हेरौं एलिया आएर उहाँलाई क्रूसबाट तल ओराल्ने हुन् कि होइनन्।"

- येशूलाई क्रूसमा झून्ड्याएको हेरिरहेका मानिसहरूले उहाँले एलियालाई बोलाउनुभयो होला भनी ठाने ।

- येशूले एलियालाई बोलाइरहनुभएको थिएन ।

- येशू त पिता परमेश्वरलाई पुकार गरिरहनुभएको थियो ।

- येशूले किन पिता परमेश्वरलाई पुकार गर्नुभयो ?

- किनभने पिता परमेश्वरले येशूको प्राण खिँच्नुभयो र यो सबैभन्दा कठिन सजाय थियो ।

- पिता परमेश्वर र येशू कहिलेदेखि सँगसँगै हुनुहुन्थ्यो ?
- सधैंभरि ।

- के पिता परमेश्वर र येशू सँगै नहुनुभएको कुनै समय थियो ?
- थिएन ।

- किनभने यो नै पहिलो पटक थियो जतिबेला पिता परमेश्वर र येशू सँगै हुनुभएन त्यसैले येशू कराउनुभयो ।

- पिता परमेश्वरबाट बिछोडिनु संसारमा सबैभन्दा कठिन सजाय हो ।

आउनुस् मर्कूस १५:३७ पद पढौं ।

37 तब येशू ठूलो स्वरले चिच्याउनु भयो अनि प्राण त्याग्नुभयो।

- येशू क्रूसमा मर्नुभयो ।

- येशू मरिसकेपछि मन्दिरमा के भयो ?

आउनुस् मर्कूस १५:३८ पद पढौं ।

38 जब येशू मर्नु भयो, मन्दिरको पर्दा टुप्पोदेखि फेदसम्म दुइ टुक्रा भएर आफैं च्यातियो।

- मन्दिरको पर्दाको काम के थियो ?

- पर्दाले मन्दिरका दुई कोठाहरूलाई अलग्याउँथ्यो ।

- पर्दाले मन्दिरको महापवित्र स्थानलाई पवित्र स्थानबाट अलग्याउँथ्यो ।

- पर्दा के को चिन्ह  हो ?

- पर्दा परमेश्वर र मानिसबीचको विछोडको चिन्ह हो ।

- परमेश्वर र मानिस किन बिछोडिएका हुन् ?
- पापको कारणले गर्दा ।

- हाम्रो पापको कारणले गर्दा परमेश्वर र मानिस अलग्ग भए त्यसैले प्रधान पूजारी वर्षको एकचोटि पस्नुभन्दा बाहेक अरू कोही पनि महापवित्र स्थानमा पस्न सक्दैनथ्यो ।

- त्यस पर्दालाई टुप्पादेखि फेदसम्मै कसले दुईफ्याक पारेर च्यात्यो ?
- परमेश्वरले ।

- किन परमेश्वरले पर्दा दुई फ्याक पारेर च्यात्नुभयो ?

- परमेश्वरले पर्दालाई दुई फ्याक पारेर च्यात्नुभयो ताकि अब परमेश्वर र मानिसको बीचमा कुनै अल्ग्गाउ नहोस् ।

आउनुस् मर्कूस १५:३९ पद पढौं ।

[39] सिपाहीको अधिकारी जो येशूको अघि उभिएका थिए उहाँ कसरी मर्नु भयो सो देखे अनि भने, "यो मानिस निश्चयनै परमेश्वरको पुत्र हुन् ।"

- जब सिपाहीको अधिकारीले येशू मरेको देख्यो त्यसपछि उसले येशू उद्धारकर्ता हुनुहुन्छ भनी जान्यो ।

- आउनुस् मर्कूस १५:४०-४१ पद पढौं ।

[40] केही स्त्रीहरू केही पर उभिएर क्रूसतर्फ हेरिरहेका थिए । तिनीहरूमध्ये मग्दलिनी मरियम, सलोमी, अनि याकूब र यूसुफकी आमा मरियम पनी त्यहीं थिईन् । (याकूब उनको कान्छो छोरो थियो) [41] ती स्त्रीहरू तिनै थिए जसले गालीलसम्म येशूको साथ दिएका थिए अनि उहाँको देखभाल गरेका थिए। अरू धेरै स्त्रीहरू पनि त्यहाँ थिए। तिनीहरू पनि येशूसँगै यरूशलेममा आएका थिए।

- यी महिलाहरूलाई परमेश्वरमा विश्वास थियो र येशू नै उद्धारकर्ता परमेश्वर हुनुहुन्छ भनी तिनीहरूले जानेका थिए ।

आउनुस् मर्कूस १५:४२-४६ पद पढौं ।

[42] यो दिनलाई तयारीको दिन भनिन्थ्यो। (जसको अर्थ हो विश्राम दिनको अघिल्लो दिन) रात पर्दै थियो।
[43] अरमथियाको यूसुफ नाम गरेका एकजना मानिस साहसपूर्वक पिलातस कहाँ गए अनि येशूको लाशको
लागि विन्ति गरे । यूसुफ यहूदी महासभाको एक प्रभावशाली सदस्य थिए। मानिसहरूमध्ये तिनी नै
एकजना यस्ता मानिस थिए जसले परमेश्वरको राज्य आउने बाटो हेर्दथिए । [44] येशू अघिनै मरिसक्नु भयो
भन्ने सुनेर पिलातस छक्क परे। येशूलाई रक्षा गरिरहेको सैनिक अधिकारीलाई तिनले बोलाए। पिलातसले
येशू अघिनै मरि सके भनी उसलाई सोधे। [45] अनि सैनिक अधिकारीले पिलातसलाई येशू अघिनै मरिसकेको
कुरा सुनाए। यसकारण पिलातसले यूसुफलाई नै उहाँको लाश लैजाने अनुमति दिए । [46] यूसुफले केही
मलमलको लुगा किनेका थिए। तिनले क्रूसबाट उहाँलाई ओह्राले अनि त्यो लुगामा उहाँलाई बेह्रे। त्यसपछि
यूसुफले चट्टान खोपेर बनाएको एउटा चिहानमा उहाँलाई राखे। तब चिहानको द्वार बन्द गर्नलाई एउटा
चट्टान उनले पल्टाए ।

- अरमाथियाका युसुफ धनी मानिस थिए र तिनीले येशू नै उद्धारकर्ता परमेश्वर हुनुहुन्छ भनी विश्वास गर्थे ।

- येशू मरिसकेपछि युसुफ पिलातसकहाँ गए र येशूको शरीर गाड्ने अनुमति मागे ।

- त्यसपछि युसुफले येशूको शरीर लगे र उनको आफ्नै चिहानमा त्यसलाई दफनाए ।

- परमेश्वरले अगमवक्ताहरूमार्फत धेरै वर्ष पहिले भन्नुभएजस्तै उद्धारकर्ता येशू धनीहरूको चिहानमा दफनाइनुभयो ।